# जनकपुरधाम उप महानगरपालिकाको संक्षिप्त परिचयः-

महषिर् जनकको पूण्यभूमि, माता जानकीको पवित्र जन्म स्थलको रुपमा देश विदेशमा परिचित जनकपुर नगरपालिकाको स्थापना वि.सं. २०१७ सालमा भएको हो । वि.सं.२०७१ सालबाट यस नगरपालिकाको नाम जनकपुरधाम कायम रही उप-महानगरपालिकामा परिणत भएको हो । नेपालको संविधान २०७२ अनुसार यो उप-महानगरपालिका मधेश प्रदेशको राजधानी यसै उप-महानगरपालिकामा अवस्थित छ । समुद्री सतहबाट ९० मीटर उचाईमा रहेको छ । संघीय राजधानी काठमाण्डौं देखि ४५० कि.मि.को दुरीमा रहेको जनकपुरधाम उप-महानगरपालिका २५ वडामा विभाजित रहेको छ । यस उप-महानगरपालिकाको क्षेत्रफल ९१.९७ वर्ग कि.मि.रहनुका साथै भू-सतह प्रायः सबै समतल रहेको छ । वि.सं.२०७८ को जनगणना अनुसार कूल जनसंख्या १,८९,५६७ जसमा महिलाको जनसंख्या ९२,४५३ तथा पुरुषको जनसंख्या ९७,१६४ साथै घरसंख्या ३९,४६४ रहेको छ र पूर्वमा जलादी तथा पश्चिममा दुधमती मूख्य नदी रहेका छन । यस उप-महानगरपाकिाको औषत तापक्रम न्यूनतम ७डिग्री देखि अधिकतम ४० डिग्री सम्म मापन भएको देखिन्छ । स्थानीय स्तरमा बसोबास गर्ने विभिन्न जात जाति तथा समुदायका मानिसहरुले मनाउने चार्डपर्व जस्तै दशैं, तिहार, छठ, माघे संक्रान्ती, होली, कृष्ण जन्माष्टमी, बकर्रर् इद, उलर् इद फितर, बुद्ध जयन्ती, रामनवमी, जानकीनवमी, विवाहपञ्चमी, झुला पवर्र् रहेका छन् । स्थानीय स्तरमा वोलिने भाषा नेपाली, मौथिली, भोजपुरी, हिन्दी, उर्दु, थारु छन । प्रमुख पोशाकको रुपमा धोती कर्ुता, पेन्ट, शर्ट, कोट, गुन्यु चोली, सारी व्लाउज रहेका छन् । यहां हिन्दु, मुस्लिम, बौद्ध, क्रृश्चिन, जैन धर्मावलीहरुको बसोवास रहेको छ । पौराणिक र ऐतिहासिक पर्यटकिय स्थलको रुपमा जानकी मन्दिर, राम मन्दिर, विवाहमण्डप, मणिमण्डप, स्वर्वगद्वार, लगायतका छन । यहांको जनजिवनको मुख्य आर्थिक श्रोतहरुमा कृषि, व्यापार, व्यवसाय, नोकरी प्रमुख छन् । उप-महानगरपालिकाको आम्दानीको मुखय स्रोतहरु घर जग्गा कर -सम्पत्ति कर), हाट बजार, व्यवसाय कर, नक्सा दस्तुरर्,र् इजाजत तथा नवीकरण दस्तुर तथा अन्य दण्ड जरिवाना रहेको छ ।

**जनकपुरधाम उपमहानगरपालिकाको भौगोलिक वातावण:-**

उत्तरी आक्षांश २६°४३'४३"
पूर्वी देशान्तर ८६°६६'३०"

**प्रशासनिक सीमाः-**

पूर्वमाः- हंसपुर न.पा., औरही गा.पा.र धनौजी गा.पा.
पश्चिममाः- मोहत्तरी जिल्ला
उत्तरमाः- लक्ष्मीनीया गा.पा. र मिथिला विहारी न.पा.
दक्षिणमाः- नगराइन न.पा.

**जनकपुरधाम उपमहानगरपालिकाको भु-उपयोगः-**

यस उपमहानगरपालिकामा तपसिल अनुसारको भु-उपयोग रहेको छ

कृषि क्षेत्र :- ७८.२ प्रतिशत - ७१८६.८२ हेक्टर

व्यवसाय क्षेत्र :- ०.६ प्रतिशत - ५२.६० हेक्टर

सम्पदा क्षेत्र :- ०.२प्रतिशत - १६.९८ हेक्टर

जल क्षेत्र :- २.७ प्रतिशत - २४५.०१ हेक्टर

संस्थागत क्षेत्र :- ०.९प्रतिशत - ८७.३४ हेक्टर

सार्वजनिक उपयोक्षेत्र :- ४.९प्रतिशत - ४४७.५४ हेक्टर

आवासिय क्षेत्र:- १२.६प्रतिशत - ११५५.९४ हेक्टर

जनकपुरधाम उपमहानगरपालिकाकोमा लैंगीक साक्षरता पुरुष ५२% र महिला ४८% साक्षरता रहेको छ।

## जनकपुरधाम उप-महानगरपालिका
## जनकपुरधाम, धनुषा, मधेस प्रदेश, नेपाल
## को जनसंख्या,घरसंख्या लगातयतका अन्य विवरण

| Ward No. | Population | Male | Female | Households No. | Average house hold size | Sex Ratio | Area Square k.m. | Ward wise Area **(Bigha-Kathha-Dhur)** |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 6278 | 3268 | 3010 | 1459 | 4.3 | 108.57 | 0.77 | 114-6-4 |
| 2 | 1705 | 907 | 798 | 313 | 5.45 | 113.66 | 0.43 | 64-19-18 |
| 3 | 1825 | 941 | 884 | 306 | 5.96 | 106.45 | 0.05 | 8-18-15 |
| 4 | 18234 | 9554 | 8680 | 4395 | 4.15 | 110.07 | 2.54 | 375-7-9 |
| 5 | 3254 | 1668 | 1586 | 559 | 5.82 | 105.17 | 0.02 | 3-11-17 |
| 6 | 10956 | 5781 | 5175 | 2291 | 4.78 | 111.71 | 0.25 | 36-3-5 |
| 7 | 13951 | 7393 | 6558 | 3132 | 4.47 | 112.73 | 1.69 | 249-3-20 |
| 8 | 7249 | 3829 | 3420 | 1699 | 4.27 | 111.96 | 2.3 | 340-10-2 |
| 9 | 3218 | 1666 | 1552 | 675 | 4.77 | 107.35 | 0.99 | 145-8-17 |
| 10 | 5225 | 2738 | 2487 | 1126 | 4.46 | 110.09 | 0.21 | 31-6-2 |
| 11 | 5225 | 2738 | 2487 | 1126 | 4.64 | 110.09 | 0.18 | 27-19-4 |
| 12 | 7859 | 4108 | 3751 | 1706 | 4.61 | 109.52 | 3.59 | 530-14-5 |
| 13 | 7994 | 4119 | 3875 | 1626 | 4.92 | 106.3 | 3.76 | 554-10-19 |
| 14 | 10607 | 5480 | 5127 | 2129 | 4.98 | 106.89 | 3.11 | 459-12-5 |
| 15 | 3416 | 1727 | 1689 | 713 | 4.79 | 102.25 | 1.49 | 219-10-18 |
| 16 | 9485 | 4803 | 4682 | 1915 | 4.95 | 102.58 | 3.24 | 479-10-2 |
| 17 | 10136 | 5120 | 5016 | 2018 | 5.02 | 102.07 | 10.48 | 1547-15-9 |
| 18 | 6114 | 2955 | 3159 | 1182 | 5.17 | 93.54 | 6.44 | 950-13-8 |
| 19 | 11093 | 5724 | 5369 | 2086 | 5.32 | 106.61 | 13.26 | 1957-16-1 |
| 20 | 8944 | 4347 | 4597 | 1817 | 4.92 | 94.56 | 8.46 | 1248-1-12 |
| 21 | 8547 | 4338 | 4209 | 1723 | 4.96 | 103.06 | 7.98 | 1178-1-17 |
| 22 | 3506 | 1742 | 1764 | 672 | 5.22 | 98.75 | 3.45 | 509-1-17 |
| 23 | 8954 | 4460 | 4494 | 1772 | 5.05 | 99.24 | 4.78 | 705-19-11 |
| 24 | 8454 | 4148 | 4306 | 1626 | 5.2 | 96.33 | 6.52 | 962-17-1 |
| 25 | 7338 | 3610 | 3778 | 1398 | 5.25 | 96.83 | 5.98 | 883-17-12962 |
| **Total** | **189567** | **97164** | **92453** | **39464** | **123.43** | **2626.38** | **91.97** | **13571-2-8** |

# BASE MAP OF JANAKPURDHAM SUB-METROPOLITAN CITY

